# आर्थिक वर्ष २०८३/८४ मा
# आयुर्वेद अस्पताल/चिकित्सालयबाट
# सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको
# कार्य सञ्चालन मापदण्ड, २०८३
# [प्रदेश स्रोत तर्फ]

गण्डकी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

पोखरा, कास्की, नेपाल

मिति २०८३/०४/... (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत

***"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ (संशोधन सहित)"* को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले यो मापदण्ड बनाएको छ।**

## कार्यक्रम सञ्चालन /कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३

१. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन यस मापदण्डको अधिनमा रही गर्नुपर्नेछ।

२. यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ।

३. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी प्रचलित कानून बमोजिम कार्यक्रममा विनियोजित बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्नेछ।

४. कार्य सञ्चालन प्रक्रियामा उल्लेखित क्रियाकलापहरु सम्पन्न गर्दा आवश्यक पर्ने बैठक भत्ता, खाना/खाजा खर्च, भ्रमण खर्च, सहभागी भत्ता, आदि बापतको खर्च/भुक्तानी गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम सम्बन्धित कार्यक्रम शीर्षकबाट गर्नुपर्नेछ।

५. चालु आर्थिक वर्ष २०८३/८४ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आर्थिक वर्षमा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन। यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको सोधभर्ना गर्नुपर्नेछ।

६. सम्पादित कार्यक्रमको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ।

७. कार्यक्रमको वित्तीय र भौतिक प्रगति विवरण त्रैमासिक र वार्षिक रुपमा अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ।

८. आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्यांकन, सहजिकरण एवं अनुशिक्षण मन्त्रालय तथा अन्य प्रादेशिक निकायबाट हुनेछ।

९. यस मापदण्डको कुनै विषय स्पष्ट नभएमा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ।

१०. यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेट र तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ।

**तपसिल**

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४
- भ्रमण खर्च नियमावली, २०६४

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८३
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८३
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१
- कार्यक्रम सञ्चालन गर्दा अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदि] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

# विषयसूची

१. गुदारोग (Anorectal disease) स्क्रिनिङ्ग तथा उपचार कार्यक्रम 1

२. औषधी एवं औषधीजन्य सामग्री ढुवानी 2

३. नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम 3

४. पञ्चकर्म/ पूर्वकर्म कार्यक्रम (सामग्री खरिद, सञ्चालन एवं व्यवस्थापन) 5

५. आयुर्वेद चिकित्सालयमा शल्य चिकित्सा सुदृढीकरणका लागि अक्जुलरी नर्स मिडवाइफ/ वैद्य व्यवस्थापन 6

६. स्वास्थ्य कार्यक्रमहरूको दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक भर्चुअल एकीकृत समीक्षा 7

७. निजी स्वास्थ्य संस्था (आयुर्वेद चिकित्सा) सञ्चालन अनुमति अनुगमन, सुपरिवेक्षण, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण 8

८. जडिबुटीबाट चूर्ण औषधी निर्माणका लागि व्यवस्थापकीय खर्च 9

९. स:शुल्क फार्मेसी सञ्चालन (Seed Money) 10

१०. आयुर्वेद आउटरिच क्लिनिक सञ्चालनार्थ कविराज [पाँचौं तह]-१ र अभ्यङ्गकर्ता [श्रेणीविहिन]-१ जनशक्ति व्यवस्थापन [निरन्तरता] 11

११. आयुर्वेद स्वास्थ्य संस्थाहरुको सुदृढीकरण कार्यक्रम (MSS) 12

१२. राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती, राष्ट्रिय योग दिवस, ध्यान दिवस, अन्तराष्ट्रिय योग दिवस लगायतको दिवसहरु मनाउने कार्यक्रम 13

१३. आर्थिक रुपले विपन्न भर्ना भएका विरामीहरुका लागि खाद्यान्न 14

१४. प्रयोगशाला सञ्चालनको लागि आवश्यक पर्ने उपकरण, रिएजेन्ट र किट खरिद 15

१५. आधारभूत तथा अत्यावश्यक औषधी खरिद 16

१६. जडिबुटीबाट चूर्ण औषधी निर्माण (जडिबुटी खरिद) 17

## १. गुदारोग (Anorectal disease) स्क्रिनिङ्ग तथा उपचार कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.१२ | २२५२२ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ- ३ लाख<br>गण्डकी आयुर्वेद अस्पताल, कास्की- ३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ -३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, स्याङ्जा -३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, पर्वत- ३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)-३ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | अस्वस्थकर आहार-विहारको कारण गुदारोग (Anorectal Disease) पाइल्स, फिस्टुला, फिसर लगायतका समस्या बढ्दै गइरहेको छ। यस्ता समस्याहरुको प्रारम्भिक चरणमै परीक्षण गरी व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | गुदारोगका लक्षण भएका बिरामीहरूलाई प्रारम्भिक अवस्थामै पहिचान गरी जटिलता हुन नदिनु र आवश्यक सेवा प्रदान गर्नु। |
| **अपेक्षित प्रतिफल** | गुदारोगसँग सम्बन्धित बिरामीहरुले उपचार सेवा प्राप्त गरी स्वास्थ्य लाभ गरेका हुनेछन्। |
| **कार्य सञ्चालन प्रक्रिया** | • गुदारोगका लक्षण भएका बिरामीको पहिचान गर्ने,<br>• क्षारसूत्र शल्यचिकित्साको लागि आवश्यक औजार, उपकरण र औषधीहरु व्यवस्थापन गर्ने,<br>• स्क्रिनिङ गरिएका र विपन्न वर्गका बिरामीहरुलाई नि:शुल्क शल्यक्रिया सेवा प्रवाह गर्ने,<br>• स्थानीय तह/स्वास्थ्य संस्थाको सहकार्यमा गुदारोगको स्क्रिनिङ एवं शल्यक्रिया शिविर गर्न सकिनेछ।<br>• शिविरमा स्क्रिनिङ गरिएका र विपन्न वर्गका बिरामीहरुलाई क्षारसूत्र शल्यचिकित्सा गरे बापत प्रति केस विशेषज्ञ चिकित्सक/ तालिम प्राप्त चिकित्सकलाई प्रोत्साहन स्वरुप रू.२,०००/-, सहयोगी चिकित्सक/ स्वास्थ्यकर्मीलाई रु १०००/-, क्षारसूत्र कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मी/ नर्सलाई ८००/- एवं सहयोगीलाई रू.२००/- छुट्याई जिम्मेवारी र उपयुक्तताको आधारमा बाँडफाट गरी रकम प्रदान गर्ने। |

## २. औषधी एवं औषधीजन्य सामग्री ढुवानी

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.१३ | २२५२२ | गण्डकी आयुर्वेद अस्पताल, कास्की- २ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | आयुर्वेद स्वास्थ्य संस्थाहरुका लागि निःशुल्क वितरण गर्न आवश्यक औषधी र सामग्रीहरु अस्पताल, चिकित्सालय, औषधालय र नागरिक आरोग्य सेवा केन्द्रहरुमा आपूर्ति व्यवस्था मिलाउनका साथै विभिन्न जिल्लाका विभिन्न स्थानमा गएर आयुर्वेद सेवा तथा स्वास्थ्य प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न सहजताको लागि यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | औषधी र अन्य सामग्रीहरुको सहज आपूर्ति गर्नु। |
| **अपेक्षित प्रतिफल** | अस्पताल, चिकित्सालय, औषधालय र नागरिक आरोग्य सेवा केन्द्रहरु तथा एकीकृत सेवा सञ्चालित प्राथमिक स्वास्थ्य केन्द्रमा औषधी र अन्य सामग्रीहरु निरन्तर आपूर्ति भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रक्रिया** | • औषधी तथा अन्य सामग्रीहरुको ढुवानीका लागि कार्ययोजना तयार गरी स्वीकृत गर्ने,<br>• गण्डकी आयुर्वेद अस्पतालबाट उत्पादित औषधीहरु अन्य जिल्लामा ढुवानी गर्दाको खर्च यसै कार्यक्रमबाट व्यवस्थापन गर्ने। |

## ३. नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.३ | २२५२२ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ- २ लाख ५० हजार<br>गण्डकी आयुर्वेद अस्पताल, कास्की- २ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा -२ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, म्याग्दी- १ लाख ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, लमजुङ -२ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ - ३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, स्याङ्जा -२ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, पर्वत- १ लाख ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, मुस्ताङ -१ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)-२ लाख ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, मनाङ -१ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | आयुर्वेद अस्पताल/प्रदेश आयुर्वेद चिकित्सालयका अलावा स्थानीय तह मातहतका आयुर्वेद औषधालय एवं नागरिक आरोग्य केन्द्रहरुमा कार्यरत आयुर्वेद स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | अस्पताल, चिकित्सालय, नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप, धारणा र क्षमता अभिवृद्धि गर्नु। |
| **अपेक्षित प्रतिफल** | अस्पताल, चिकित्सालय, नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप, धारणा र क्षमता अभिवृद्धि भई गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ। |
| **कार्यसञ्चालन प्रक्रिया** | • बजेटको परिधि भित्र रहेर तालिमको सहभागी संख्या र समयावधी निर्क्योल गर्ने,<br>• सहभागीहरुलाई प्राथमिकता र विगत ३ वर्षका प्रशिक्षण समेत मध्यनजर गरी देहाय मध्येका विषयहरु छनौट गरी प्रशिक्षण तथा प्रयोगात्मक अभ्यास प्रदान गर्ने:<br>○ आयुर्वेद निर्दिष्ट स्वस्थ जीवनशैली<br>○ अम्लपित्त, ज्वर, गुदा विकार, सन्धिगत वात, वातरक्त, आमवात, मधुमेह, उच्च रक्तचाप, मोटोपना आदि रोगको निदान र व्यवस्थापन<br>○ चिकित्सीय योग<br>○ न्यूनतम सेवा मापदण्डले निर्दिष्ट गरेको SOP पालन हुने गरी पूर्वकर्म र सहायक कर्म<br>○ मर्म चिकित्सा<br>○ स्थानीय जडिबुटीहरुको प्रयोग |

| विषय वस्तु | विवरण |
|---|---|
| | ○ Infection Prevention and Control<br>○ First Aid<br>○ AHMIS/ EMR<br>○ जिन्सी व्यवस्थापन एवं प्रशासनीक कार्यहरु लगायत अन्य सान्दर्भिक विषयवस्तु ।<br>● यस बाहेक चिकित्सकीय योग, पूर्वकर्म, उपकर्म र मर्म चिकित्सा आदिको प्रयोगात्मक अभ्यास गराउनुपर्नेछ । साथै, रक्तचाप मापन, ब्लड ग्लुकोज मापन र मोटोपनाको निदानको लागि BMI calculation, कम्मरको गोलाई मापनको अभ्यास गराउनुपर्नेछ ।<br>● यसका लागि सम्बन्धित विषयको विज्ञ, आयुर्वेद चिकित्सक, विषयसँग सम्बन्धित सेवा, समूहको दक्ष कर्मचारी लगायतको जनशक्ति प्रशिक्षकको रुपमा प्रयोग गर्न सकिनेछ ।<br>● यस कार्यक्रमबाट तालिम व्यवस्थापन खर्चका साथै सहभागी र प्रशिक्षकको भत्ता एवं आवश्यक औजार, उपकरण र तालिम सामग्रीको लागि खर्च गर्न सकिनेछ । |

## ४. पञ्चकर्म/ पूर्वकर्म कार्यक्रम (सामग्री खरिद, सञ्चालन एवं व्यवस्थापन)

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.४ | २२५२२ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ- ३ लाख<br>गण्डकी आयुर्वेद अस्पताल, कास्की- ४ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा -२ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, म्याग्दी- २ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, लमजुङ - २ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ - ३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, स्याङ्जा -२ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, पर्वत- २ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, मुस्ताङ -१ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)-२ लाख ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, मनाङ - १ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | आयुर्वेद चिकित्सामा प्रभावकारी मानिएको पञ्चकर्म/पूर्वकर्म सेवा सञ्चालन तथा विस्तारका लागि आवश्यक पञ्चकर्म/पूर्वकर्मसँग सम्बन्धित सामग्री एवं औषधी खरिद गरी सेवा सञ्चालन तथा व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | पञ्चकर्म/ पूर्वकर्म सेवा सञ्चालन गर्नु। |
| **अपेक्षित प्रतिफल** | पञ्चकर्म/ पूर्वकर्म सेवा सञ्चालन भई सेवाग्राहीले स्वास्थ्य लाभ गरेका हुनेछन्। |
| **कार्यसञ्चालन प्रक्रिया** | • पञ्चकर्म/ पूर्वकर्म सेवा सञ्चालनका लागि आवश्यक सामग्रीहरुको सूची (जस्तै: आयुर्वेद औषधी, तेल, स्नेहन/ स्वेदन सामग्री, औजार, उपकरण आदि), सोको स्पेसिफिकेसन एवम् परिमाण यकिन गरी लागत अनुमान बनाई कार्यालय प्रमुखबाट स्वीकृत गर्ने,<br>• प्रचलित ऐन, नियमानुसार सामग्रीहरुको खरिद गर्ने,<br>• तोकिएका मापदण्ड बमोजिम पञ्चकर्म/ पूर्वकर्म सेवा सञ्चालन गर्ने,<br>• सेवा विवरण AHMIS मा निरन्तर प्रविष्टि गर्ने र कार्यालय प्रमुख मार्फत प्रमाणित गराई राख्ने। |

## ५. आयुर्वेद चिकित्सालयमा शल्य चिकित्सा सुदृढीकरणका लागि अक्जुलरी नर्स मिडवाइफ/ वैद्य व्यवस्थापन

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.४११ | २२५२२ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्की, प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा, म्याग्दी, लमजुङ, तनहुँ, स्याङ्जा, पर्वत, मुस्ताङ, नवलपरासी (ब.सु.पू.) र मनाङ<br>- ६ लाख ५० हजार |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | आयुर्वेद चिकित्सालयमा शल्य चिकित्सा सेवा सुदृढीकरणका लागि अत्यावश्यक दक्ष जनशक्ति, विशेषतः अक्जुलरी नर्स मिडवाइफ वा वैद्यको व्यवस्थापन गरी शल्यक्रिया पूर्व तयारी, शल्यक्रिया सहयोगी एवं शल्यक्रिया पश्चात हेरचाह, औषधोपचार तथा आयुर्वेदिक पद्धतिबाट पुनर्स्थापनामा सहयोग पुऱ्याउन यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | आयुर्वेदिक शल्य चिकित्सा सेवा सुदृढीकरण गर्ने । |
| **अपेक्षित प्रतिफल** | शल्यक्रियासँगै आयुर्वेदिक औषधोपचार प्रभावकारी भएको हुनेछ । |
| **कार्यसञ्चालन प्रक्रिया** | • करार सेवामा कर्मचारी नियुक्ति गर्नु परेमा गण्डकी प्रदेशको सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९ अनुसार पदपूर्ति गर्ने,<br>• विगतका वर्षमा नियुक्त भएका जनशक्ति (वैद्य/अनमी) लाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा सेवा करारमा निरन्तरता दिन सकिनेछ ।<br>• नियुक्त जनशक्तिलाई प्रचलित कानून बमोजिम आधारभूत तलब, चाडवाड खर्च, पोशाक भत्ता भुक्तानी गर्ने,<br>• नेपाल सरकार, प्रदेश सरकार एवम् आयुर्वेद चिकित्सा परिषद्ले तोकेको मापदण्ड अनुसार क्षारसूत्र सेवा प्रवाह गर्ने,<br>• प्रदान गरिएको शल्य चिकित्सा तथा क्षारसूत्र सेवाको दैनिक विवरण रजिस्टरमा अद्यावधिक गरी अनिवार्य रूपमा AHMIS मा समयमै प्रविष्ट गर्ने,<br>• बजेटको परिधि भित्र रही शल्यक्रिया सञ्चालनका लागि आवश्यक औषधी, औजार उपकरण खरिद गर्न सकिनेछ । |

## ६. स्वास्थ्य कार्यक्रमहरूको दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक भर्चुअल एकीकृत समीक्षा

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.४१२ | २२५२२ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ- ४० हजार<br>गण्डकी आयुर्वेद अस्पताल, कास्की- ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा - ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, म्याग्दी- ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, लमजुङ - ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ - ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, स्याङ्जा - ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, पर्वत- ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, मुस्ताङ - ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)- ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, मनाङ - ४० हजार |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | आयुर्वेद स्वास्थ्य कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि भर्चुअल मध्यमबाट नियमित एकीकृत समीक्षा प्रणाली अवलम्बन गरी विभिन्न समयावधिमा कार्यक्रमको प्रगति, चुनौती र सुधारका उपायहरूलाई एकै ठाउँमा समेटेर विश्लेषण गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | आयुर्वेद स्वास्थ्य कार्यक्रमको प्रगति र उपलब्धि निरन्तर अनुगमन गर्नु । |
| **अपेक्षित प्रतिफल** | स्वास्थ्य सेवा प्रवाहमा भएका समस्या, चुनौती तथा अवसरहरुको पहिचान भई समस्याको समाधान भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | • जिल्ला भित्र रहेका आयुर्वेद सेवा प्रदान गर्ने संस्थाहरुलाई समेटी भर्चुअल माध्यमबाट समीक्षा बैठक तथा योजना तर्जुमा कार्यक्रम आयोजना गर्ने,<br>• स्वास्थ्य सेवा सम्बन्धी तथ्याङ्क एवम् स्वास्थ्य सेवा प्रवाहमा भएका समस्या, चुनौतीका बारे छलफल गरी समाधानका उपायहरु बारे निर्क्यौल गर्ने र उचित समाधानका उपाय अवलम्वन गर्न सहजीकरण गर्ने,<br>• आयुर्वेद कार्यक्रम/ सेवा साथै अन्य आर्थिक/ प्रशासनिक/ प्राविधिक विषयसँग सम्बन्धित दैनिक Morning conference/ साप्ताहिक रुपमा CME सञ्चालन गर्न सकिनेछ ।<br>• सो कार्यको लागि खटाइएको स्रोत व्यक्तिलाई प्रति पटक/ समीक्षामा एक कार्यपत्र र प्रशिक्षण भत्ता वापतको रकम प्रदान गर्न सकिनेछ । कार्यालयले कार्यपत्र र सम्बन्धित अभिलेख तयार गरी राख्नुपर्दछ।<br>• कार्यक्रम सञ्चालन गर्दा लाग्ने खाजा खर्च यसै शीर्षकबाट गर्न सकिनेछ । |

## ७. निजी स्वास्थ्य संस्था (आयुर्वेद चिकित्सा) सञ्चालन अनुमति अनुगमन, सुपरिवेक्षण, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.४१४ | २२५२२ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ- ६० हजार<br>गण्डकी आयुर्वेद अस्पताल, कास्की- ८० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा - ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, म्याग्दी- ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, लमजुङ - ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ - ६० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, स्याङ्जा - ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, पर्वत- ५० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, मुस्ताङ - ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)- ६० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, मनाङ - ४० हजार |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रदान गर्ने निजी स्वास्थ्य संस्थाहरुको सञ्चालन अनुमति प्राप्त गरेपछि निरन्तर अनुगमन, सुपरिवेक्षण, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण गरी सेवाको गुणस्तर कायम बनाउन यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | स्थापित मापदण्ड अनुसार आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रदान गर्ने निजी स्वास्थ्य संस्था सञ्चालन सुनिश्चित गर्नु। |
| **अपेक्षित प्रतिफल** | आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रदान गर्ने निजी स्वास्थ्य संस्थाहरु दर्ता भई गुणस्तरिय सेवा दिन सक्षम भएका हुनेछन्। |
| **कार्य सञ्चालन प्रक्रिया** | • निजी आयुर्वेद संस्थाहरूलाई प्रचलित कानून एवम् स्वास्थ्य संस्था सञ्चालन मापदण्ड तथा निर्देशिका बारेमा अभिमुखीकरण गर्ने, कानून पालनामा सहजीकरण गर्ने,<br>• आयुर्वेद चिकित्सक र आयुर्वेद स्वास्थ्यकर्मी लगायत अन्य सरोकारवालाको संयुक्त टोली मार्फत निजी आयुर्वेद संस्था र आम्ची लगायतका वैकल्पिक चिकित्सा संस्थाहरूको पूर्वाधार, सेवा प्रवाह, जडीबुटी भण्डारण तथा गुणस्तरको स्थलगत निरीक्षण गर्ने,<br>• प्रचलित स्वास्थ्य संस्था सञ्चालन मापदण्ड तथा निर्देशिका बमोजिम अनुमति लिएको, पूर्वाधार मापदण्ड पालन गरेको, नवीकरण गरेको र तोकिएको जनशक्ति राखेको सुनिश्चित गर्ने,<br>• स्थलगत निरीक्षण गर्दा लाग्ने खर्च यसै शीर्षकबाट गर्न सकिनेछ। |

## ८. जडिबुटीबाट चूर्ण औषधी निर्माणका लागि व्यवस्थापकीय खर्च

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.८ | २२५२२ | गण्डकी आयुर्वेद अस्पताल ,कास्की- २ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | स्थानीय स्तरमा उपलब्ध जडिबुटीहरूको प्रशोधन गरी आयुर्वेद तथा परम्परागत प्रणालीमा आधारित चूर्ण औषधी उत्पादन गर्नु स्वास्थ्य र आर्थिक दृष्टिकोणले निकै लाभदायक छ। जडिबुटीबाट गुणस्तरीय चूर्ण औषधी निर्माण गर्नका लागि कच्चा पदार्थ संकलनदेखि अन्तिम प्याकेजिङसम्मका विभिन्न चरणहरू पार गर्नुपर्छ। यी सम्पूर्ण गतिविधिहरू सुचारु, पारदर्शी र मितव्ययी रूपमा सम्पन्न गर्न यो कार्यक्रम राखिएको छ। |
| **उद्देश्य** | चूर्ण औषधी निर्माणको व्यवस्थापन सहज बनाउनु। |
| **अपेक्षित प्रतिफल** | चूर्ण औषधी निर्माणको व्यवस्थापन सहज भई बिरामीहरुले नियमित रुपमा गुणस्तरीय आयुर्वेद औषधी प्राप्त गरी स्वास्थ्य लाभ गर्नेछन्। |
| **कार्य सञ्चालन प्रक्रिया** | • जडिबुटीबाट चूर्ण औषधी निर्माणका लागि आवश्यक सामग्री खरिद एवं अन्य सम्पूर्ण व्यवस्थापकीय खर्च समेतको लागत अनुमान तयार गरी व्यवस्थापन गर्ने,<br>  ○ लेवलिङ, प्याकेजिङ-५० ग्रा., १०० ग्रा.को बट्टामा सिल गरी प्याकेज गर्न आवश्यक सम्पूर्ण सामग्रीको व्यवस्था गर्ने<br>• उक्त औषधीको लेवलिङमा “गण्डकी प्रदेश सरकारबाट नि: शुल्क वितरण” लगायत आवश्यक जानकारी सहित टाँस गर्नुपर्नेछ।<br>• औषधी उत्पादनमा संलग्न कर्मचारीलाई खाजा/ खानाको व्यवस्थापन गर्न सकिनेछ। |

## ९. स:शुल्क फार्मेसी सञ्चालन (Seed Money)

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.४१७ | २२५२२ | प्रदेश आयुर्वेद चिकित्सालय, पर्वत-५ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | प्रदेश आयुर्वेद चिकित्सालय, पर्वतमा नि:शुल्क वितरण गरिने औषधीहरुको अलावा बिरामीहरुको उपचारको लागि आवश्यक अन्य औषधीहरु सुपथ मूल्यमा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | नि:शुल्क रुपमा उपलब्ध नहुने औषधीहरु अस्पताल हाताभित्र उपलब्ध गराउनु । |
| **अपेक्षित प्रतिफल** | प्रदेश आयुर्वेद चिकित्सालय, पर्वतमा स:शुल्क फार्मेसी स्थापना भई सेवाग्राहीहरुले सुपथ मूल्यमा गुणस्तरीय औषधी पाएका हुनेछन् । |
| **कार्य सञ्चालन प्रक्रिया** | • आयुर्वेद चिकित्सालयको फार्मेसीमा राखिने औषधी तथा औषधीजन्य सामग्रीहरुको सूची निर्धारण गर्ने,<br>• औषधी उत्पादक तथा आपूर्तिकर्ताहरुबाट आवश्यकता अनुसार विद्यमान खरिद कानून पालन गरी औषधी तथा औषधीजन्य सामग्री खरिद गर्ने,<br>• खरिद भई आएको औषधी तथा औषधीजन्य सामग्रीहरुको अधिकतम खुद्रा मूल्य (Maximum Retail Price) भन्दा कम्तिमा ५% सहुलियत हुने गरी एवम् खरिद मुल्यमा बढीमा २०% संस्थागत लाभ राखी विक्री मूल्य निर्धारण गर्ने,<br>• औषधीको सेवन तथा प्रयोगबाट हुनसक्ने वा हुने प्रतिकूल प्रभावहरुको (Adverse Drug Reactions) अनुगमन तथा अध्ययन गर्ने,<br>• आयुर्वेद चिकित्सालयबाट प्रदान गरिने उपचारको सम्बन्धमा स्तरीय उपचार प्रोटोकोल (Standard Treatment Protocol) तयार गरी लागू गराउने,<br>• फार्मेसीमा कम्प्युटर बिलिङ प्रणाली अनिवार्य स्थापना गर्नुपर्नेछ ।<br>• फार्मेसीबाट प्राप्त आम्दानीबाट पुनः औषधी खरिद गर्ने व्यवस्था मिलाई फार्मेसीको विस्तार गरी सुदृढ र आत्मनिर्भर बनाउनुपर्नेछ ।<br>• अन्य व्यवस्था अस्पताल फार्मेसी सेवा निर्देशिका बमोजिम गर्ने/गराउने । |

## १०. आयुर्वेद आउटरिच क्लिनिक सञ्चालनार्थ कविराज [पाँचौं तह]-१ र अभ्यङ्गकर्ता [श्रेणीविहिन]-१ जनशक्ति व्यवस्थापन [निरन्तरता]

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.४२० | २२५२२ | प्रदेश आयुर्वेद चिकित्सालय, लमजुङ -१० लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | आयुर्वेद सेवाको पहुँच विस्तार गर्न आउटरिच क्लिनिक सञ्चालनार्थ जनशक्ति व्यवस्थापनको लागि यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | आयुर्वेद आउटरिच क्लिनिक सेवा सञ्चालन गर्नु । |
| **अपेक्षित प्रतिफल** | आयुर्वेद स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि भई लाभ गरेका हुनेछन् । |
| **कार्य सञ्चालन प्रक्रिया** | • यस कार्यक्रमबाट सेवा करारमा जनशक्ति व्यवस्थापन गरी नियमित आयुर्वेद सेवा प्रवाह गर्नुपर्नेछ ।<br>• गण्डकी प्रदेशको सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९ अनुसार सेवा करारमा जनशक्ति नियुक्त गर्ने,<br>• अघिल्लो आर्थिक वर्षमा आयुर्वेद सेवा विस्तार कार्यक्रमबाट सेवा करारमा नियुक्त भएका कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा निरन्तरता दिन सकिनेछ ।<br>• नियुक्त जनशक्तिलाई प्रचलित कानून बमोजिम आधारभूत तलब, चाडवाड खर्च, पोशाक भत्ता भुक्तानी गर्ने,<br>• यस शीर्षकबाट जनशक्तिको तलव/भत्ता र सेवा करारमा जनशक्ति छनौटमा लाग्ने खर्च (सूचना प्रकाशन, छनौट प्रक्रिया, अन्तर्वार्ता आदि) बाहेक अन्य खर्च गर्न सकिने छैन ।<br>• प्रदेश आयुर्वेद चिकित्सालय, लमजुङबाट हप्ताको एक पटक चिकित्सकीय सेवा प्रदान गर्नुपर्नेछ । |

## ११. आयुर्वेद स्वास्थ्य संस्थाहरुको सुदृढीकरण कार्यक्रम (MSS)

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.५ | २२५२२ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ- ८ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)-६ लाख<br>गण्डकी आयुर्वेद अस्पताल, कास्की र तनहुँ - ५ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा, म्याग्दी, लमजुङ, स्याङ्जा, पर्वत -३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, मुस्ताङ र मनाङ -२ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहतका आयुर्वेद अस्पताल/ प्रदेश आयुर्वेद चिकित्सालयहरुको न्यूनतम सेवा मापदण्ड (MSS) को मूल्याङ्कन, अनुगमन, समीक्षा तथा फलोअप एवं आवश्यक गुणस्तर सुधार गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | आयुर्वेद अस्पताल/ प्रदेश आयुर्वेद चिकित्सालयहरुको न्यूनतम सेवा मापदण्डको मूल्यांकन गरी देखिएको कमि-कमजोरीलाई पूर्ति गरी सेवा सुदृढ गर्नु। |
| **अपेक्षित प्रतिफल** | आयुर्वेद अस्पताल/ प्रदेश आयुर्वेद चिकित्सालयहरुको सेवाको गुणस्तर अभिवृद्धि सहित सेवा सुदृढीकरण भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रक्रिया** | • वर्षमा कम्तीमा १ पटक पहिलो त्रैमासिकमा आयुर्वेद अस्पताल/ प्रदेश आयुर्वेद चिकित्सालयहरूको न्यूनतम सेवा मापदण्ड बमोजिम स्व:मूल्याङ्कन गर्नुपर्नेछ।<br>• न्यूनतम सेवा मापदण्डको स्व:मूल्याङ्कनबाट देखिएको Gap analysis गरी न्यूनतम सेवा मापदण्डमा उल्लेखित SOP निर्माण, उपचार प्रोटोकल निर्माण, आवश्यक औजार उपकरण तथा अन्य सामग्री खरिद, मर्मत सम्भार, फोहोरमैला व्यवस्थापन, इलेक्ट्रोनिक मेडिकल रेकर्ड लगायतका क्षेत्र समेटेर कार्ययोजना बनाई अनिवार्य रुपमा मन्त्रालयबाट स्वीकृति लिए पश्चात मात्र बजेट खर्च गर्न सकिनेछ।<br>• स्व:मूल्याङ्कन पश्चात वर्षमा दोस्रो/ तेश्रो त्रैमासिकमा १ पटक MSS लेखाजोखा र कार्ययोजना कार्यान्वयन अवस्थाको मूल्यांकन स्वास्थ्य मन्त्रालय एवं मातहतको निकाय (अस्पताल/ जनस्वास्थ्य कार्यालय सहित) को प्रतिनिधि तीन जना, एक जना अर्को संस्थामा कार्यरत आयुर्वेद चिकित्सक र एक जना MSS विज्ञको सहभागितामा गर्नुपर्दछ। मूल्यांकनका लागि प्रचलित कानून बमोजिम अधिकतम रू.३५ हजार खर्च गर्न सकिनेछ।<br>• यो कार्यक्रमबाट जनशक्ति व्यवस्थापनमा खर्च गर्न सकिने छैन।<br>• प्रदेश MSS व्यवस्थापन समितिको निर्णय बमोजिम बाह्य मूल्यांकनमा संलग्न जनशक्तिको निर्क्यौल मन्त्रालयले गर्नेछ। |

## १२. राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती, राष्ट्रिय योग दिवस, ध्यान दिवस, अन्तराष्ट्रिय योग दिवस लगायतको दिवसहरु मनाउने कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय  र विनियोजित रकम (रू) |
|---|---|---|
| २.७.२२.८ | २२५२२ | धौलागिरी आयुर्वेद अस्पताल ,बागलुङ- ४० हजार<br>गण्डकी आयुर्वेद अस्पताल ,कास्की- ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा -४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, म्याग्दी- ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, लमजुङ -४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ - ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, स्याङ्जा - ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय ,पर्वत- ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, मुस्ताङ - ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)- ४० हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, मनाङ - ४० हजार |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | आयुर्वेद एवम् वैकल्पिक चिकित्सा जगतमा धन्वन्तरी र राष्ट्रिय एवं अन्तराष्ट्रिय योग दिवस मनाउने प्रचलन रहेको छ । सरोकारवालाहरुको सहभागितामा राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती, राष्ट्रिय योग दिवस, आरोग्य दिवस, अन्तराष्ट्रिय ध्यान दिवस, अन्तराष्ट्रिय योग दिवस लगायतका विभिन्न दिवसहरु मनाउने क्रममा आयुर्वेद, योग र ध्यानबारे जनचेतना फैलाउनका लागि यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती, राष्ट्रिय योग, ध्यान दिवस, अन्तराष्ट्रिय योग दिवस, आरोग्य दिवस लगायत दिवस मनाई जनचेतना फैलाउनु। |
| **अपेक्षित प्रतिफल** | आयुर्वेद एवम् योग र ध्यानबारे समुदायमा सचेतना वृद्धि भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रक्रिया** | • यस कार्यक्रमबाट धन्वन्तरी जयन्ति, राष्ट्रिय एवम् अन्तराष्ट्रिय योग दिवस, ध्यान दिवस, आरोग्य दिवस मनाउनका लागि आवश्यक व्यवस्थापकीय खर्च गर्ने,<br>• दिवसको अवसरमा ध्यान, योगाभ्यास, गोष्ठी, र्‍याली, पत्रकार अन्तरक्रिया, स्वास्थ्य संस्था तथा आश्रमहरुमा फलफूल वितरण, स्वास्थ्य परीक्षण, विद्यालयमा विभिन्न प्रतियोगिता आदि जस्ता क्रियाकलापहरु गर्न सकिनेछ।<br>• दिवसको अवसरमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान तथा पुरस्कृत गर्न सकिनेछ। |

## १३. आर्थिक रुपले विपन्न भर्ना भएका विरामीहरुका लागि खाद्यान्न

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| ७.१.१.३ | २७१११ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ- २ लाख ५० हजार<br>गण्डकी आयुर्वेद अस्पताल, कास्की- ४ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | अन्तरंग सेवा लिन भर्ना भएका बिरामीहरुका लागि स्वस्थकर खाना उपलब्ध भएमा बिरामीको स्वास्थ्य अवस्थामा द्रुत सुधार हुने भएकोले अन्तरंग सेवा शुरुवात भएका धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीबाट नि:शुल्क रूपमा खाद्यान्न उपलब्ध गराउनका लागि यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | भर्ना भएका बिरामीका लागि नि:शुल्क रूपमा स्वस्थ खाना उपलब्ध गराउनु । |
| **अपेक्षित प्रतिफल** | भर्ना भएका बिरामीका लागि आर्थिक भार कम भएको र बिरामीको बसाई सहज भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रक्रिया** | • अस्पताल/चिकित्सालयले आफैं क्यान्टिन सञ्चालन गरी वा पायक पर्ने क्यान्टिन/होटेल व्यवसायीसँग प्रचलित कानून बमोजिम सम्झौता गरी अन्तरंग सेवाका लागि भर्ना भएका बिरामीहरुलाई शाकाहारी भोजन उपलब्ध गराउनु पर्दछ।<br>• चिकित्सकले आयुर्वेदको सिद्धान्तमा आधारित भई आहार एवं परिकार र आहार तालिका निर्माण गर्न सक्नेछन्।<br>• एक जना बिरामीको लागि प्रतिदिन २ छाक र प्रति छाक बढिमा रू. २००/- सम्मको भोजन उपलब्ध गराउन सकिनेछ।<br>• प्रति दिन भर्ना भएका बिरामीको संख्या र सो अनुसारको खानाको कुल छाकको संख्या On Duty Doctor/ Indoor In charge ले सिफारिस गरी अस्पताल प्रमुखले रुजु गरेर प्रमाणित गर्नुपर्दछ। |

## १४. प्रयोगशाला सञ्चालनको लागि आवश्यक पर्ने उपकरण, रिएजेन्ट र किट खरिद

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| ७.२.११.३ | २७२१३ | धौलागिरी आयुर्वेद अस्पताल ,बागलुङ- ३ लाख<br>गण्डकी आयुर्वेद अस्पताल ,कास्की- ३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा -१ लाख ५०हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, म्याग्दी- १ लाख ५०हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, लमजुङ - १ लाख ५०हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ - ३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, स्याङ्जा -१ लाख ५०हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय ,पर्वत- १ लाख ५०हजार<br>प्रदेश आयुर्वेद चिकित्सालय, मुस्ताङ -१ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, नवलपरासी (ब.सु.पू.)-३ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, मनाङ -१ लाख |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | प्रदेश मातहत सञ्चालित आयुर्वेद अस्पताल/ प्रदेश आयुर्वेद चिकित्सालयमा आउने सेवाग्राहीहरुको प्रयोगशाला परीक्षण सेवा मार्फत रोगको निदानका साथै रोगको अवस्था पहिचान गरी आयुर्वेद स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय तवरले सञ्चालन गर्नको लागि प्रयोगशाला सेवाको विस्तार गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | प्रयोगशाला सेवा सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्नु। |
| **अपेक्षित प्रतिफल** | सेवाग्राहीहरुको रोगको निदान भई उपचार गर्न सहयोग पुगेको हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | • प्रयोगशालाका लागि आवश्यक उपकरण, रिएजेन्ट र किट जस्ता सामग्रीहरुको सूची, स्पेसिफिकेसन एवम् परिमाण तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गर्ने,<br>• प्रचलित ऐन नियमानुसार सामग्रीहरुको खरिद गर्ने,<br>• उपलब्ध सामग्रीको महत्तम प्रयोग गर्ने। |

## १५. आधारभूत तथा अत्यावश्यक औषधी खरिद

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| ७.२.९.१ | २७२१३ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ, गण्डकी आयुर्वेद अस्पताल, कास्की, प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ, नवलपरासी (ब.सु.पू.) - ८ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, गोरखा, म्याग्दी, लमजुङ, स्याङ्जा, पर्वत -५ लाख<br>प्रदेश आयुर्वेद चिकित्सालय, मुस्ताङ र मनाङ -३ लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | प्रदेश मातहत सञ्चालित प्रदेश आयुर्वेद चिकित्सालयहरुमा आउने सेवाग्राहीहरुलाई आवश्यक आधारभूत र अत्यावश्यक औषधी खरिद गरी निःशुल्क रुपमा वितरण गरेर आयुर्वेद स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउनका लागि यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आधारभूत तथा अत्यावश्यक औषधीको उपलब्धता सुनिश्चित गर्नु । |
| **अपेक्षित प्रतिफल** | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरुलाई आवश्यक आधारभूत तथा अत्यावश्यक औषधीहरुको उपलब्धता भई सेवा प्रवाहमा सहजता हुनेछ । |
| **कार्यसञ्चालन प्रक्रिया** | • वार्षिक खरिद योजना तयार गरी औषधीको खरिद प्रक्रिया श्रावण/भदौ महिनामा नै सुरु गर्ने,<br>• नि:शुल्क औषधीको स्टक मौज्दात विवरण तयार पश्चात् AHMIS तथ्यांक विश्लेषण गरी आवश्यकता पहिचान गर्ने,<br>• बजेटको सीमा र औषधीको आवश्यकता विश्लेषणको आधारमा आधारभूत तथा अत्यावश्यक आयुर्वेद औषधीको उपलब्धताको यथासक्य निरन्तरता रहने गरी व्यवस्थापन गर्न औषधीहरुको सूची, स्पेसिफिकेसन तथा परिमाण यकिन गरी लागत अनुमान तयार गरेर कार्यालय प्रमुखबाट स्वीकृत गर्ने,<br>• औषधी खरिद गर्दा प्रचलित कानूनमा आधारित रही GMP certified औषधी मात्र खरिद गर्ने र खरिद गरी गुणस्तर सुनिश्चित भएपछि मात्र भुक्तानी गर्ने,<br>• नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गत सञ्चालित आयुर्वेद औषधी उत्पादकलाई प्राथमिकता दिने,<br>• प्रचलित कानून अनुसार आवश्यक औषधी खरिद गरी विरामीहरुलाई नि:शुल्क रुपमा उपलब्ध गराउने । |

## १६. जडिबुटीबाट चूर्ण औषधी निर्माण (जडिबुटी खरिद)

| PLMBIS Code | खर्च शीर्षक | कार्यक्रम सञ्चालन गर्ने निकाय र विनियोजित रकम (रू) |
|---|---|---|
| ७.२.९.६ | २७२१३ | गण्डकी आयुर्वेद अस्पताल, कास्की- १० लाख |

| विषय वस्तु | विवरण |
|---|---|
| **परिचय** | स्थानीय स्तरमा उपलब्ध जडिबुटीहरुको प्रयोग गरी गुणस्तरीय आयुर्वेद औषधी निर्माण गर्न र उक्त औषधी बिरामीहरुलाई नि:शुल्क रूपमा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | बिरामीहरुलाई गुणस्तरीय आयुर्वेद औषधी उपलब्ध गराउनु। |
| **अपेक्षित प्रतिफल** | बिरामीहरुले नियमित रुपमा गुणस्तरीय आयुर्वेद औषधी प्राप्त गरी स्वास्थ्य लाभ गरेका हुनेछन्। |
| **कार्य सञ्चालन प्रक्रिया** | • अन्तरंग सेवा सञ्चालन तथा पूर्वकर्म सेवा सञ्चालनमा आवश्यक पर्ने क्वाथ चुर्णहरु एवम् बढि प्रयोगमा आउने औषधीहरु (अविपत्तिकर, हिंवाष्टक, लवणभाष्कर, आमलकी, गुडुची, सितोपलादि, त्रिफला, अश्वगन्धा, अर्जुन, गोक्षुर, यष्टिमधु, पुनर्नवा, वासा, त्रिकटु, दशमूल, जामुनवीज चूर्ण, हरितकी चुर्ण आदि) मध्ये छनौट गरी गुणस्तरीय जडिबुटीहरुको प्रयोग गरेर स्थापित मापदण्डहरुको पालना गरी औषधी उत्पादन गर्ने,<br>• उत्पादित औषधीहरु उपलब्धताका आधारमा अन्य आयुर्वेद चिकित्सालयहरुमा आवश्यकता र मागलाई मध्येनजर राखी उपलब्ध गराउन सकिनेछ।<br>• जडिबुटीहरु खरिद एवं औषधी उत्पादन गर्दा हुने खर्च प्रचलित कानून बमोजिम गर्नुपर्नेछ। |